१.१ अर्थ मन्त्रालयसँग सम्बन्धित सार्वजनिक विवरण

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ

## (२०८० बैशाख देखि २०८० आषाढ सम्म)



**अर्थ मन्त्रालय**

**सिंहदरबार**

**श्रावण, २०८०**

**www.mof.gov.np**

# १. अर्थ मन्त्रालयको परिचय र उद्देश्य

## पृष्ठभूमिः

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकास क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन अर्थ मन्त्रालयको प्रमुख जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा र पूँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा र कार्यान्वयन अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

## दीर्घकालीन सोचः

नतिजामूलक सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान मार्फत सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

## उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

## रणनीतिः

- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास गरी प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सवै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रभावकारी र न्यायोचित रुपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने। प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन र अन्तरिक लेखापरीक्षण गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।

- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरु व्यापक रुपमा सिर्जना गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वशर्त मानिने क्षेत्र र विषयहरुमा केन्द्रित गर्ने।
- राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता प्राप्त गर्ने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय संघीयता कार्यान्वयन मार्फत स्रोत र साधनको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गरी सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- सरकारी स्वामित्वमा रहेका संस्थानहरूको व्यवसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋण परिचालन गर्दा निजी क्षेत्रलाई स्रोतको अभाव नहुने गरी राष्ट्रिय प्राथामिकता प्राप्त विकास कार्यक्रममा परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रुपमा छुट्टै निकाय मार्फत सञ्चालन गर्ने।

## २. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन,
- विदेशी मुद्रा सम्बन्धी कानून, नियमन तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,

- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- संघीय सञ्चितकोष वा संघीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- बजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानून र नियमन,
- तलब, भत्ता तथा उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय,
- संघ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति कानून र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्व सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन,
- संघीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति व्यवस्थापन,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट,
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

- बीमा सम्बन्धी नीति कानून मापदण्ड र नियमन,
- संघ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सम्पर्क मन्त्रालयको कार्य,
- महालेखापरीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,
- निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, अवकास कोषको कार्य अनुगमन गर्ने कार्य,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालिम अध्ययन र अनुसन्धान,
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

# अर्थ मन्त्रालयको स्वीकृत संगठन संरचना



## ३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको विवरण

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा परिपालना गर्नु पर्नेछ।

### ऐनहरू

- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- राष्ट्रिय बीमा संस्थान ऐन,२०२५
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- बीमा ऐन,२०४९
- निजीकरण ऐन,२०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- ऋण तथा जमानत ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन,२०५४
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- राष्ट्र ऋण उठाउने ऐन, २०७९
- सार्वजनिक खरिद ऐन, २०६३
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोवार ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- लेखापरीक्षण ऐन, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक ऐन, २०८०
- ऋण तथा जमानत ऐन, २०८०
- राष्ट्र ऋण उठाउने ऐन, २०८०
- विनियोजन ऐन, २०८०
- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९

## नियमावलीहरू

- मदिरा नियमावली, २०३३
- बीमा नियमावली, २०४९
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६३
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- आर्थिक (कार्यविधि) नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४

- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली, २०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- प्राईभेट फर्म रजिष्ट्रेसन नियमावली (तेह्रौ संशोधन) नियमावली, २०७६
- कर्जा सुरक्षण (दोश्रो संशोधन) नियमावली, २०७७
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन नियमावली, २०७७

## निर्देशिकाहरू

- आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन २०७७)
- अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण २०७६)
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (दोश्रो संशोधन २०७६)
- जग्गा तथा घर जग्गा निसर्गको पूँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन २०७६)
- बैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७७
- प्रदेश तथा स्थानीय तहको लागि लैंगिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७
- सार्वजनिक खर्चलाई मितव्ययीता कायम गर्ने निर्देशिका, २०७८

## कार्यविधिहरू

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- नवीकरणीय उर्जा अनुदान (पहिलो संशोधन) नीति, २०७३
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामुहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमा सम्बन्धी कार्यविधि, २०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाईपलाईन मार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७६
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७६
- नव प्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७७
- नव प्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७
- सहलगानी सम्बन्धी कार्यविधि, २०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७
- कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८

## नीति, मापदण्ड र आदेश

- अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (पहिलो संशोधन)
- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- अन्तराष्ट्रिय आर्थिक सहायता परिचालन नीति, २०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- नेपाल सरकार र प्रदेश सरकार बीच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन, २०७६
- एकीकृत सामाजिक सुरक्षा नीति, २०७६

- आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७
- ढुङ्गा, गिट्टी, बालुवाको पहिचान, विकास र उत्खनन् सम्बन्धी नीति, २०७७
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८

## ४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तर्गतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

| सि.नं | | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | डा. प्रकाश शरण महत | ४२११३९० |
| २. | सचिव | श्री अर्जुन प्रसाद पोखरेल | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | डा. राम प्रसाद घिमिरे | ४२११८०४ |
| ५. | प्रशासन महाशाखा | सहसचिव आनन्द काफ्ले | ४२११३०० |
| ४. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव रितेश कुमार शाक्य | ४२११३१५ |
| ६. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव उत्तर कुमार खत्री | ४२११८०१ |
| ७. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव अर्जुन कुमार खड्का | ४२११८१३ |
| ८. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव भुपाल बराल | ४२११३७७<br>४२११३१८ |
| ९. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव बाबुराम सुवेदी | ४२११३२६ |
| १०. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव धनीराम शर्मा | ४२००५३७ |
| ११. | अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | सहसचिव श्रीकृष्ण नेपाल | ४२११३७१ |
| १२. | वित्तीय संघीयता समन्वय महाशाखा | सहसचिव इश्वरी प्रसाद अर्याल | ४२११३१६ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिंदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिंदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलब सात इञ्च लम्बाई सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिंदा निम्न अनुसार शुल्क लिइनेछ।

- सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाई र एघार दशमलब सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ।
- माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। शुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।

- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यबाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानूनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मुल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मुल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्द्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

## (ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका

- सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सोको भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

## (ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।
- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- **मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः**
  - सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**
  - सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### ८.१ आर्थिक वर्ष २०७९/८० को बजेट

नेपाल सरकारको कूल बजेट रू.१७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख मध्ये चालु खर्च रू.११ खर्ब ६६ अर्ब ४३ करोड ६३ लाख अर्थात् ७०.१० प्रतिशत, पुँजीगत तर्फ रू. ३ खर्ब ७७ अर्ब १८ करोड ३२ लाख अर्थात् २१.९७ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रू. २ खर्ब ५० अर्ब २१ करोड अर्थात् १२.८३ प्रतिशत बिनियोजन भएको थियो।

### ८.२ सार्वजनिक खर्च व्यवस्थापन

**आ.ब.२०७८/७९ र २०७९/८० को विनियोजित बजेट खर्च तुलना (श्रावण देखि आषाढमसान्त सम्मको)**

| विनियोजित शीर्षक | विनियोजित रकम (रु.हजारमा) | | खर्च रकम (रु.हजारमा) | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० | ०७८/७९ | ०७९/८० |
| चालुतर्फ | १०५९५७७५९८ | ११७३९८४९९७ | ९५४३१६७५९ | ९९६५८५१३६ | ९०.०७ | ८४.८९ |
| पुँजीगततर्फ | ३७५३६७००१ | ३७०३५७१२९ | २१६२१३०८५ | २३४१६५१२९ | ५७.६० | ६३.२३ |
| वित्तिय व्यवस्थातर्फ | १९७८८४६०० | २४९४९५१७३ | १३९४७०९७३ | १९०१०८७०७ | ७०.४८ | ७६.२० |
| **जम्मा** | **१०५९५७७५९८** | **१७९३८३७३००** | **१३१००००८२०** | **१४२०८५८९७२** | **८०.२३** | **७९.२१** |

**क. चालुतर्फ** आ.ब. २०७८/७९ को श्रावण देखि आषाढमसान्तसम्मको तुलनामा आ.व. २०७९/८० को सोही अवधीसम्ममा ५.१८ प्रतिशतले कम भएको छ।

**ख. पुँजिगततर्फ** आ.ब. २०७८/७९ को श्रावण देखि आषाढमसान्तसम्मको तुलनामा आ.व. २०७९/८० को सोही अवधीसम्ममा ५.६३ प्रतिशतले बृद्धि भएको छ ।

**ग. वित्तिय व्यवस्थातर्फ** गत आ.ब.को श्रावण देखि आषाढमसान्तसम्मको तुलनामा यस आ.व.को सोही अवधीसम्ममा १.०२ प्रतिशतले कम भएको छ ।

**<u>आ.ब.२०७९/८० को बैशाख देखि आषाढमसान्त सम्ममा यस महाशाखाबाट सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरु)</u>**

१. बहुबर्षिय ठेक्का/स्रोत सुनिश्चितताको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा (LMBIS) प्रविष्टी गर्ने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइएको।

२. समानीकरण/सशर्त अनुदान सोधभर्ना मोडेलमा दिने कार्य शुरुवात गरिएको।

३. समानीकरण अनुदानलाई विनियोजन ऐनको प्रावधानमा रहेको प्रकृया वमोजिम संकलित राजस्वको अनुपातका आधारमा पुनःनिर्धारण गरी हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको।

४. २०८० बैशाखदेखी आषाढमसान्तसम्ममा भए गरेका रकमान्तर, थप बजेट निकासा, स्रोत सुनिश्चितता सहमति, आर्थिक सहायता लगायतका विवरणहरु अर्थ मन्त्रालयको वेवसाईटमा राखी सार्बजनिकिकरण गरिएको।

५. आ.ब.२०७९/८० को वजेट कार्यान्वयनको लागि (रकमान्तर, थप वजेट निकासा, स्रोत सुनिश्चितता सहमति, आर्थिक सहायता र रोक्का फुकुवा लगायतका ) विषयगत निकायहरुलाई सहजिकरण गर्ने गरिएको।

६. आ.ब.२०७९/८० मा विनियोजित चालु खर्चतर्फका केही खर्च शीर्षकहरुमा २० प्रतिशत बजेट रोक्का र पुँजिगततर्फ २०७९ माघ १७ गतेसम्ममा दायित्व श्रृजना नभएका शीर्षकहरुमा पूरै वजेट रोक्का राखि राष्ट्रिय गौरवका आयोजना तथा उत्पादकत्व बढाउने र रोजगारी श्रृजना गर्ने क्षेत्रमा रकम अभाव हुन नदिनका लागि उचित प्रवन्ध गरिएको।

७. आ.ब.२०७९/८० को पुँजिगत खर्च बृद्धिका लागि सम्बन्धित विषयगत मन्त्रालयहरुलाई आवश्यक रकमको अभाव नहुने सुनिश्चितता लगायतका विषयहरुमा सहजिकरण गरिएको।

८. आ.ब.२०८०/८१ को बजेट तयारीका लागि राष्ट्रिय योजना आयोगबाट प्राप्त मन्त्रालयगत सिलिङ्ग लाई मन्त्रालयगत बजेट सूचना प्रणाली (**LMBIS**) सिष्टमामा प्रविष्टि गरिएको ।

९. सम्बन्धित मन्त्रालयका सचिवहरुलाई आमन्त्रण गरी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन सम्वन्धी विषयमा छलफल गरी माननीय अर्थ मन्त्रीज्यूबाट निर्देशन दिनुका साथै आगामी आ.ब.२०८०/८१ को बजेट तर्जुमाका मापदण्ड तथा आधारहरु पठाइएको ।

१०. आगामी आ.ब.२०८०/८१ को बजेट तयारी कार्यका लागि कार्य तालिका तयार गरी मिति २०७९ चैत्र २६ गते देखि खर्च शीर्षकका क्रियाकलापगत बजेट छलफल विभिन्न मन्त्रालयहरुसँग गरिएको।

११. आगामी आ.ब.२०८०/८१ को बजेट तयारी लेखन समिती गठन भई कार्य भएको।

१२. स्रोत व्यवस्थापनको लागि वितिय व्यवस्था अन्तर्गत नेपाल सरकार स्रोततर्फ विनियोजित रकम मध्ये त्रैमासिक फुकुवा हुन बाँकी रकम हाललाई रोक्का राखिएको।

१३. आ.ब.२०८०/८१ को वजेट संघीय संसदमा पेश भई सो साथ विनियोजन ऐन,२०८० र राष्ट्र ऋण उठाउने ऐन,२०८० संसदमा प्रस्तुत भई प्रतिनिधिसभा तथा राष्ट्रिय सभाबाट अनुमोदन भई सम्माननीय राष्ट्रपति ज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) वमोजिम प्रमाणीकरण भएको।

१४. आ.ब.२०७९/८० को वजेट कार्यान्वयन र आ.ब.२०८०/८१ को वजेट कार्यान्वयनको तयारीको लागि सम्बन्धित मन्त्रालयका सचिवहरुसँग छलफल तथा माननीय मन्त्रीज्यूबाट उक्त विषयमा निर्देशन।

१५. रोक्का राखिएको वजेट रकम सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आए वमोजिम सिर्जित दायित्वको आधारमा फुकुवा गरि बजेट कार्यान्वयनमा सहजिकरण गरिएको।

१६. आन्तरिक ऋणको साँवा तथा व्याज भूक्तानीको लागि थप बजेट व्यवस्थापन गरिएको।

१७. रासायनिक मल खरिदका लागि सम्बन्धित मन्त्रालयको अनुरोधमा थप वजेट व्यवस्थापन गरिएको।

१८. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ वमोजिम नेपाल सरकारको नगद प्रवाह योजना तर्जुमा समिती तथा उपसमिति गठन गरी दीर्घकालीन रुपमा नगद कोषलाई व्यवस्थित गर्ने कार्य शुरु गरिएको।

१९. स्थानीय तहमा वित्तीय समानिकरण अनुदानको अन्तिम किस्ता रकम रोक्का रहेको वजेट मध्ये ४० प्रतिशतले हुने रु.५ अर्व ९ करोड २२ लाख रकम वित्तिय हस्तान्तरण गरिएको।

## ८.३ राजस्व परिचालनको अवस्थाः

### १. राजस्व संकलनः

आर्थिक वर्ष २०७९/८० मा कर राजस्व रु. ८ खर्ब ६५ अर्ब ६१ करोड ९६ लाख, गैरकर राजस्व तर्फ रु. ९१ अर्ब ५३ करोड ४१ लाख र अन्य प्राप्ती **५३** अर्ब २४ करोड ०५ लाख गरी जम्मा रु. १० खर्ब १० अर्ब ३९ करोड ४२ लाख राजस्व संकलन भएको छ। यस अवधिको राजस्व परिचालन लक्ष्य रु. १४ खर्ब ०३ अर्ब १४ करोड को तुलनामा ७२.०० प्रतिशत राजस्व संकलन भएको छ।

क) आ.व. २०७९/८० को आषाढ मसान्तसम्मको राजस्व लक्ष्य तथा संकलनको विवरणः

| कर शीर्षक | आ.व.२०७९/८० को असार मसान्तसम्मको लक्ष्य (रकम रु लाखमा) | आ.व.२०७९/८० को असार मसान्तसम्मको संकलन (रकम रु लाखमा) |
|---|---|---|
| **भंसार महशुल** | **३,३०५,६८०** | **१,८२५,३१२** |
| पैठारी | २,५६५,६०३ | १,४२७,४०७ |
| निकासी | ५,९५४ | ३,५०१ |
| पूर्वाधार कर | ३१४,८३९ | २०५,८५७ |
| भन्सारको अन्य आय | २८,७६४ | ८,०७० |
| कृषि सुधार शुल्क | १४४,३०८ | ७४,१२३ |
| सडक मर्मत तथा सुधार दस्तुर | १४७,५५० | ७४,३७५ |
| सडक निर्माण तथा सम्भार दस्तुर | ९८,६६२ | ३१,९७९ |
| **मूल्य अभिबृद्धि कर** | **३,९८४,६७९** | **२,८६१,९७९** |
| उत्पादन, विक्री, सेवा | १,४०२,०४१ | १,१७५,३५० |

| कर शीर्षक | आ.व.२०७९/८० को असार मसान्तसम्मको लक्ष्य (रकम रु लाखमा) | आ.व.२०७९/८० को असार मसान्तसम्मको संकलन (रकम रु लाखमा) |
|---|---|---|
| पैठारी | २,५८२,६३८ | १,६८६,६२९ |
| **अन्तःशुल्क** | **२,१७२,८२७** | **१,४३०,६८१** |
| आन्तरिक उत्पादन | १,३७३,५२६ | १,१०८,८३७ |
| पैठारी | ७९९,३०१ | ३२१,८४४ |
| **शिक्षा सेवा शुल्क** | **१४,७८०** | **२०,०३३** |
| **आयकर** | **३,४७५,७९२** | **२,५१८,१९१** |
| आयकर | ३,०७८,२९३ | २,१८९,०२२ |
| ब्याज कर | ३९७,४९९ | ३२९,१६९ |
| **कर राजस्व जम्मा** | **१२,९५३,७५८** | **८,६५६,१९६** |
| **गैर कर जम्मा** | **१,०७७,७१२** | **९१५,३४१** |
| **कूल राजस्व** | **१४,०३१,४७०** | **९,५७१,५३७** |
| **अन्य प्राप्ति** | | **५३२,४०५** |
| **जम्मा राजस्व/प्राप्ति** | **१४,०३१,४७०** | **१०,१०३,९४२** |

ख) करदाता दर्ता सम्वन्धी विवरणः

२०८० वैशाख देखि २०८० आषाढ मसान्त सम्म जम्मा दर्ता करदाता संख्याः

| सि.न. | दर्ता शिर्षक | दर्ता संख्या | कैफियत |
|---|---|---|---|
| १ | अन्तःशुल्क | ९९० | Active PAN |
| २ | मू.अ.कर | ५५३२ | Active PAN |
| ३ | आयकर | २७४७८ | Active PAN |
| ४ | WPAN | २६२४ | Active PAN |
| ५ | व्यक्तिगत | १५६५५९ | Active PAN |
| | **जम्मा** | **१८६६६१** | Active PAN |

ग) २०८० वैशाख देखि आषाढ मसान्तसम्मको अवधिमा जारी भएका अर्थ मन्त्रालयसँग सम्वन्धित ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डको विवरणः

- आर्थिक ऐन, २०८०

- मूल्य अभिवृद्धि कर (पच्चीसौं संशोधन) नियमावली, २०८०
- अन्तःशुल्क (चौबिसौं संशोधन) नियमावली, २०८०
- आयकर (चौधौं संशोधन) नियमावली, २०८०
- भन्सार (चौधौं संशोधन) नियमावली, २०८०
- मदिरा (तेश्रो संशोधन) नियमहरु, २०८०
- आर्थिक वर्ष २०८०/८१ को राजस्व नीति तथा कार्यक्रम तयार गरिएको।
- विलाशीता शुल्क सम्बन्धी कार्यविधि, २०८० जारी गरिएको।
- बैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८० जारी गरिएको।
- बैदेशिक रोजगार सेवा शुल्क सम्बन्धी कार्यविधि, २०८० जारी गरिएको।
- अन्तःशुल्क टिकट छपाई गर्नको लागि स्वदेशी मुद्रण उद्योगले पालना गर्नुपर्ने मापदण्ड, २०८० जारी गरिएको।
- भन्सारतर्फ परिपत्र संग्रह, २०७९ प्रकाशित गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को राजस्व नीति तथा कार्यक्रम तयार गरिएको।

घ) आ.व. २०७९/८० को वैशाख देखि आषाढ मसान्तसम्मको अवधिमा यस महाशाखाबाट सम्पादित प्रमुख कार्यहरुको विवरणः

- मिति २०७९ साल वैशाख १४ गते विहिबारको दिन विराटनगरमा माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतज्यूको समुपस्थितीमा राजस्व परामर्श समितीको अन्तरक्रिया कार्यक्रम सम्पन्न।
- सचिव (राजस्व) को संयोजकत्वमा गठित राजस्व परामर्श समितिको सचिवालयको कार्य गरी राजस्व परामर्श समितिको प्रतिवेदन, २०७९ तयार गरिएको।
- २०८० साल असार १५ गते Mission Tax को बैठक बसी आन्तरिक राजस्व विभाग र भन्सार विभागलाई आवश्यक निर्देशन दिइएको।
- आर्थिक विधेयक, २०८० तयारी सम्बन्धी कार्य गरेको।
- आर्थिक वर्ष २०८०/८१ को राजस्व सम्बन्धी नीति तथा कार्यक्रम तयार गरिएको।
- आर्थिक ऐन, २०७९ ले प्रदान गरेका विभिन्न छुट सुविधाहरुको कार्यान्वयन गरिएको।
- विद्युतीय सेवा कर (Digital Service Tax) तथा गैरबासिन्दा व्यक्तिले प्रयोग गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि करसम्बन्धी कार्यविधि, २०७९ कार्यान्वयनमा ल्याइएको।
- पूर्वानुमानित तथा कारोबारमा आधारित आय विवरण पेश गर्ने करदाताले आर्थिक वर्ष २०७७/७८ सम्मको आफ्नो कारोबार घोषणा गरी वास्तविक कारोबार अङ्क फरक परेको भएमा त्यस्ता करदाताले संवत् २०७९ साल चैत मसान्तभित्र (म्याद थप भई २०८० बैशाख मसान्त कायम भएको) प्रत्येक आर्थिक वर्षको वास्तविक कारोबार घोषणा गरी फरक परेको विक्री रकमको एक दशमलव पाँच प्रतिशत कर दाखिला गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुने आर्थिक ऐन, २०७९

को दफा २९ मा भएको व्यवस्था अनुरुप २९,६६२ करदाताबाट रू. ६०,३७,९४,४६१७९/०० बराबरको कारोबार फरक घोषणा गरी रु.९१,३७,९९,४७२/०० राजस्व संकलन भएको।

- केन्द्रीय विजक अनुगमन प्रणाली (Central Billing Monitoring System-CBMS) मा वार्षिक रु.३५ करोड रुपैंयाँभन्दा बढीको कारोबार गर्ने र विभागले तोकेका अन्य करदाताले अनिवार्य रुपमा यस प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था अनुरुप यस अवधिमा उक्त प्रणालीको क्षमता वृद्धि गरी थप २१०० भन्दा बढी करदातालाई प्रणालीमा आबद्ध गरिएको। उक्त प्रणालीमा २०८० असार मसान्तसम्ममा जम्म २८०५ करदातालाई आबद्ध गराइएको।
- झुठ्ठा तथा नक्कली विजकको प्रयोग गरी कर छलि सम्बन्धमा विगतमा भएका अनुसन्धानबाट प्राप्त तथ्याङ्क समेतका आधारमा ९ अर्ब ९३ करोड रकमको झुठ्ठा तथा नक्कली विजक प्रयोगको अवधि समेत खुल्ने विस्तृत विवरणसहित थप १९८६ करदाताको अनुसन्धानका लागि कार्यालयहरुमा पठाइएको।
- अत्याधुनिक सुरक्षण विशेषता सहितको अन्तःशुल्क स्टीकर छपाई गरी सहज एवं व्यवस्थित आपूर्तिका लागि ग्लोवल टेण्डर मार्फत भारतको मद्रास सेक्युरिटी प्रिन्टर्सलाई ९ अर्ब ७७ लाख थान स्टीकर छपाई गरी आपूर्ति गर्ने जिम्मा दिइएको र उक्त प्रा.लि.बाट पहिलो चरणको आपूर्ति गर्ने चरणमा रहेको।
- सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड” ज्यूको भारत भ्रमणको क्रममा नेपालगञ्जस्थित एकृकीत जाँच चौकी (ICP) र बिराटनगर स्थित एकृकीत जाँच चौकी (ICP) मा रेल वे को माध्यमबाट आएको कार्गोको उद्धघाटन भई सञ्चालनमा आएको।
- मोबाइल फोनको नियमन गर्न नेपाल दूरसञ्चार प्राधिकरणले विकास गरेको Mobile Device Management System (MDMS) को कार्यान्वयनका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा सहायता कक्ष सञ्चालन गरी यात्रुले आफुसँग ल्याएका मोबाइल फोनको सहज रुपमा दर्ता हुने व्यवस्थापन गरिएको । श्रम स्वीकृति लिई लगातार ६ महिना वैदेशिक रोजगारमा गएका व्यक्तिहरुले भन्सार महसुल छुटमा थप १ (एक) थान मोबाइल ल्याउन पाउने व्यवस्था गरिएको।
- भारतसँग Customs Mutual Assistance Agreement (CMAA) को मस्यौदा तयार गरी परराष्ट्र मन्त्रालय हुँदै भारतको Central Board of Excise and Customs (CBIC) मा पठाइएको।
- व्यापार सहजिकरणका मापदण्डहरु लागू गरी भन्सार जाँचपासलाई Paperless बनाउन तथा हाल संचालनमा रहेको स्वचालन प्रणालीलाई अन्य प्रणालीसँग अन्तरआबद्धता गर्न UNCTAD सँग आगामी ४ वर्षका लागि (ASYCUDA World) Service Level Agreement गरिएको।
- मुद्दा व्यवस्थापन सम्बन्धी प्रणाली विकास गरी सबै भन्सार कार्यलयमा लागू गरिएको।
- नेपाल राष्ट्रिय एकद्वार प्रणालीलाई अन्य प्रणालीसँग अन्तरआबद्धता गर्ने क्रममा बण्डेड वेयर हाउस प्रणाली र एक्जिम कोड प्रणालीको विकास गरी अन्तरआबद्धता गरिएको।
- आर्थिक ऐन बमोजिम दिइएका राजस्व छुटको प्रभाव अध्ययन गरिएको।

## ८.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- आ.व.२०७९/८० को बैसाखदेखि आषाढ सम्ममा रु. ४ अर्ब ७८ करोड अनुदान सहायता रु. ६१ अर्ब ७४ करोड ऋण सहायता गरी जम्मा रु. ६६ अर्ब ५२ करोड बैदेशिक सहायता प्राप्त गर्ने संझौतामा हस्ताक्षर सम्पन्न भएको ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा कार्यान्वयन गरिने **NQHS** (नेपाल गुणस्तर स्वास्थ्य सेवा) पहलका लागि १०० मिलियन अमेरिकी डलर ऋणको लागि विश्व बैंकसँग वार्ता सम्पन्न भएको ।
- ग्रामीण सडक सञ्जाल सुधार आयोजनाको लागि १०० मिलियन अमेरिकी डलर ऋणको लागि एशियाली बिकास बैंकसँग वार्ता सम्पन्न भएको ।
- विकास सहायताको प्रभावकारिता अभिबृद्धि गर्न **Multi-Stakeholder Development Dialogue** आयोजना गरी अनुगमन प्रारम्भ गरिएको ।
- एशियाली विकास बैंकको **Country Portfolio Review Meeting** सम्पन्न भएको ।
- विश्व बैकको सहयोगमा संचालित विकास आयोजनाको संयुक्त प्रगति समीक्षा सम्पन्न भएको ।
- **Asian Development Fund(ADF-13)** को **Mid-Term Review Meeting** मा सहभागी भएको ।
- अन्तर्राष्ट्रिय मुद्रा कोषबाट प्राप्त हुने **Extended Credit Facility** को पहिलो र दोश्रो समीक्षा सम्पन्न भएको।
- स्थानीय विकास साझेदारहरुसंग प्रि-बजेट छलफल सम्पन्न भएको ।
- रुपान्तरणकारी माथिल्लो अरुण जलविद्युत आयोजनाको कार्यान्वयनको लागि वित्तीय श्रोत जुटाउने सम्बन्धमा सम्बन्धित विकास साझेदारहरुसंग छलफल सम्पन्न भएको।

## ८.५ कानून तथा फैसला कार्यान्वयन सम्बन्धीः-

कानून तथा फैसला कार्यान्वयन सम्वन्धमा आर्थिक वर्ष २०७९/०८० को चौथो त्रैमासिक अवधिमा देहाय बमोजिमका कार्यसम्पादन भएको छ।

१. यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएका ३६ वटा रिटहरुको लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालतमा र उच्च सरकारी वकीलको कार्यालय, पाटन, ललितपुर मार्फत उच्च अदालत पाटनमा दर्ता गरिएको।

२. कर्जा सूचना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक र भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकहरुको सङ्घीय संसदमा पेश गर्ने प्रयोजनको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाइएको।

३. भन्सार महसुल सम्बन्धी नयाँ विधेयक तर्जुमा गर्न नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष मिति २०८०।०२।०७ मा प्रस्ताव पठाइएको।

४. पूर्वानुमानित तथा कारोबारमा आधारित आय विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्थामा उल्लेख भएको अवधि (समय सीमा) सम्वत् २०७९ साल चैत्र मसान्तलाई सम्वत् २०८० साल बैशाख

मसान्तसम्म थप गर्ने सम्बन्धी सूचना मिति २०८०।०१।१० मा सम्पादन भई आएको र मिति २०८०।०१।१२ मा नेपाल राजपत्रमा सूचना प्रकाशनको लागि मुद्रण विभागमा पठाइएको।

५. आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८० को मस्यौदा तयार गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट मिति २०८०।२।१४ मा तर्जुमा सहमति प्राप्त गरी तयार भएको विधेयकको प्रस्ताव मिति २०७९।२।१५ मा मन्त्रिपरिषद्मा पेश गरिएको र सोही मितिमा मन्त्रिपरिषद्बाट स्वीकृत भई उक्त विधेयकहरु सङ्घीय संसदमा पेश भएको।

६. मूल्य अभिवृद्धि कर (पच्चीसौं संशोधन) नियमावली, २०८०, अन्तःशुल्क (चौबिसौं संशोधन) नियमावली, २०८०, भन्सार (चौधौं संशोधन) नियमावली, २०८०, आयकर (चौधौं संशोधन) नियमावली, २०८० र मदिरा (तेस्रो संशोधन) नियमहरु, २०८० को मस्यौदा उपर कानून, न्याय तथा संसदीय मामिला मन्त्रायबाट मिति २०८०।२।१४ मा तर्जुमा सहमति प्राप्त भएको र मिति २०८०।२।१५ मा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएकोमा मन्त्रिपरिषद्बाट स्वीकृत भएपश्चात उक्त नियमावलीहरु र सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सम्पादनको लागि पठाइएको र तहाँबाट सम्पादन भई आएपछि नेपाल राजपत्रमा सूचना प्रकाशनका लागि मिति २०८०।२।१८ मा मुद्रण विभागमा पठाईएको।

